गरिमामय यस तेह्रौ गाउँसभाका सदस्यज्यूहरू,

१. नेपाली जनताको पटक—पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका क्रममा विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात—अज्ञात शहीदहरूप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, राष्ट्रियता, जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुमा उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको आर्थिक, सामाजिक, राजनैतिक रुपान्तरणमा सहयोग पु¥याउनु हुने सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै म हार्दिक सम्मान प्रकट गर्दछु ।

२. गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनसँगै बुलिङटार गाउँपालिकाको दोस्रो कार्यकालको जनप्रतिनिधिहरुद्वारा तयार गरिएको दोस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । बुलिङटार गाउँपालिकाको विकास र समृद्धिको लागि हामीले गाउँवासीसामु गरेको प्रतिवद्धताप्रति विश्वास गरी गाउँको नेतृत्वदायी जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण गाउँबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

३. नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को बुलिङटार गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय तेह्रौं गाउँसभा समक्ष पेश गरेको छु । आगामी आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा वस्तुगत धरातल र स्रोत साधनको सन्तुलन हुनेगरी तर्जुमा गरिएको छ ।

सभाका सदस्यज्यूहरू

४. चालु आर्थिक वर्ष २०७९/०८० को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं । चालु आ.व.का लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेकोछ ।

५. गाउँपालिकाका गाउँस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा पुगेका छन । बहुवर्षीय पूर्वाधार आयोजनाहरु कार्यान्वयन चरणमा छन । आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकासतर्फका समग्र विषयगत कार्यक्रमहरु कार्यान्वयन गरिएका छन ।

सभाका सदस्यज्यूहरु

६. “बस्न योग्य र हेर्न लायक समृद्ध बुलिङटार” । यिनै सम्भावना र परिकल्पनालाई उच्च प्राथमिकता दिने गरी नीति, तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु**

७. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धताहरु, दिगो विकासको लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना र गाउँपालिकाको आवधिक योजना हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन्।

८. “बस्न योग्य र हेर्न लायक समृद्ध बुलिङटार” को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न गाउँपालिकाको आवधिक गाउँ विकास योजनाका आधारमा समेत नीति तथा कार्यक्रम अगाडि सारिएको छ ।

९. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल बस्तीस्तर, वडास्तर, विषयगत समिति, बजेट तर्जुमा समिति हुँदै आउने योजनाहरुलाई दीर्घकालीन लक्ष्य, उद्देश्यसँग तादाम्यता मिलाइ प्राथमिकताक्रम निर्धारण गरिएको छ । गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नागरिकको सहभागितालाई प्राथमिकतामा राखिएको छ ।

१०. विगतका गाउँसभाबाट पारित नीति तथा कार्यक्रम, गाउँवासीहरुबाट प्राप्त अमुल्य सुझाव, बर्तमान जनप्रतिनिधि, राजनीतिक दलहरु, गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरु, नागरिक समाज तथा सञ्चारकर्मीहरुबाट प्रत्यक्ष परोक्षरुपमा प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गरिएको छ ।

११. कार्यक्रम तयारी र बजेट विनियोजन गर्दा बहुवर्षीय योजना तथा चालु आर्थिक वर्षका अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइने छ । सह—लगानीलाई विशेष प्राथमिकतामा राखिने छ ।

१२. स्थानीय साधन श्रोत र सीप प्रयोग हुने एवम् तत्काल रोजगारी सिर्जना गर्ने आयोजनाहरु छनौट गरिनेछ ।

१३. स—साना गाउँस्तरीय र वडास्तरीय योजनाको संख्या घटाउन निश्चित सिलिङ्ग र मापदण्ड निर्धारण गरिएकोछ ।

१४. वालमैत्री, वातावरणमैत्री, लक्षितवर्ग मैत्री, स्थानीय शासन, दिगो विकास र विकासका साझा सवाललाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखिएकोछ ।

१५. गाउँपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले नीति तथा कार्यक्रम तय गरिएको छ । यस पटक देखि घाटा बजेट राखी योजना तर्जुमा गर्ने पद्धतिलाई निरुत्साहन गरिएको छ ।

१६. स्थानीय विकास निर्माणमा स्रोत साधनको अधिकतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, अनुशासित, भ्रष्टाचार मुक्त र सुशासन युक्त बनाई स्थानीय सरकारको सेवाबाट सेवाग्राहीले हेर्ने देख्ने र महसुस गर्ने गरी नीति कार्यक्रम तर्जुमा गरिएको छ।

आ व २०७०।०८१ का लागि बुलिङटार गाँउपालिकाको समंग्र विकास नीतिहरु यस प्रकार रहेका हुनेछन् ।

## शिक्षाः

- गाउँपालिका भित्रका सम्पूर्ण माध्यामिक विद्यालयहरुमा गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम ल्याइनेछ।
- विद्यालयका भौतिक पूर्वाधार निर्माण तथा मर्मतका कार्यहरु विद्यालय व्यवस्थापन समिति मार्फत निर्माण
- समिति गठन गरी कार्यान्वयनमा ल्याउने निति अवलम्बन गरिने छ।
- वडा नं १ को जनजागृती मा वि र वडा नं ६ को शिव मा वि मा संचालित प्राविधिक शिक्षालाई प्रभावकारी रुपमा अगाडी बढाउने साथै प्रत्येक वडाबाट २।२ जना विपन्न विद्यार्थीलाई पूर्ण छात्रवृतिको व्यवस्था गरिनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनका लागि स्थानीय विषय तथा सिपयुक्त स्रोत व्यक्तिहरूलाई प्रयोगमा ल्याइनेछ ।
- दिवा खाजा कार्यक्रमलाई स्थानीय खाद्य उत्पादनमा आधारीत हुने व्यवस्था गरिनेछ।
- विद्यालय उमेर समूहका बालबालिकालाई मदिरा तथा सुर्तिजन्य पदार्थ बिक्रि वितरणमा पूर्ण रोक लगाईने छ । कानुन बमोजिम विद्यालय परिसर नजिकै मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरणमा पूर्ण रोक लगाईने छ ।
- नतिजामा आधारित शैक्षिक अनुदान कार्यक्रम लागु गरिनेछ ।
- गाउँपालिकाका विद्यालयहरुबाट एस ई ई परिक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र, छात्राहरुलाई उच्च शिक्षा प्रोत्साहनका लागि पुरस्कारको व्यवस्था गरिनेछ।
- **अध्यक्षसँग विद्यार्थी कार्यक्रम** मार्फत विद्यार्थीहरुका गुनासोहरु तथा सुझावहरु सोझै गाउँपालिका प्रमुखमार्फत सम्बोधन गर्ने व्यवस्था गरिनेछ।

- विद्यार्थीमा अन्तरनिहित विशिष्ट प्रतिभाको पहिचान र प्रस्फुटन गराउने उद्देश्यका साथ पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । विद्यालयहरुमा 'फ्राइडे फर फ्युचर' (Friday for Future) कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय क्षेत्रभित्र आकर्षक फूलवारी तथा करेसावारी निर्माण तथा बृक्षारोपण गरी सुन्दर र हरित विद्यालय निर्माण अभियानलाई अगाडि बढाइनेछ । पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने प्रक्रियालाइ प्रोत्साहन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन प्रणालीलाई सुदृढ गराइनेछ ।
- पूर्व प्राथमिक उमेर समूहका सबै अवस्थाका बालबालिकाको प्रारम्भिक बालशिक्षामा समतामुलक पहूँच सुनिश्चित गर्न बालबिकास केन्द्रको कक्षा व्यवस्थापनमा सुधार गर्दै बालबिकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालय अन्तर्गत नेपाली माध्यमका सम्पूर्ण पाठ्य पुस्तक तथा अंग्रेजी माध्यममा पठनपाठन गराउने विद्यालयहरुका लागि १-५ सम्म निःशुल्क अंग्रेजी माध्यमका पाठ्यपुस्तक विद्यालयहरूलाई अनुदानमा उपलब्ध गराइनेछ ।
- अनिवार्य तथा निस्शुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न विद्यालय उमेर समूहका सवै किसिमका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति, छात्रा सेनेटरी प्याड, झोला सहित स्टेशनरी वितरण जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याइनेछ ।
- हरेक विद्यालयमा महिला तथा छात्राहरुका लागी महिनावारीको समयमा प्रयोग हुने स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरूमा उपयुक्त बालमैत्री शैक्षिक वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा उपलब्ध गराउन, कक्षाकोठा निर्माण, मर्मत, फर्निचर, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला सूचना प्रविधि जस्ता कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- शिक्षकहरूको कार्यक्षमतामा अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर सुधार गर्न पुनर्ताजगी तालिम, विषय शिक्षक, समूहहरूको कार्यशाला, विज्ञ शिक्षकलाई सुपरीवेक्षकको रूपमा परिचालन गरी प्राविधिक सहायता उपलब्ध गराइने छ ।
- अभिभावक विहिन, विपन्न, दलित, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायका बालबालिकाहरुलाई माध्यामिक तहसम्मको शिक्षा अनिवार्य गराई सोको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरुको पूर्वाधारमा सुधार, शिक्षकको क्षमता अभिवृद्धिका लागि दक्ष र अनुभवी प्रशिक्षकहरुबाट शिक्षकहरुलाई तालिमको व्यवस्था गरी समय सापेक्ष पेशागत विकास गराईनेछ।

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका निमित्त **'टोलटोलमा अभिभावक शिक्षा तथा शैक्षिक जागरण अभियान'** सञ्चालन गरिनेछ ।
- शिक्षाका मुख्य सरोकारवालासँग निरन्तर बैठक छलफल अन्तर्क्रिया कार्यशाला गरी गुणस्तरीय शिक्षाको विकासमा जोड दिइनेछ ।
- शैक्षिक गुणस्तर बृद्धिका लागि कम विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयलाई स्थानीय अभिभावक र समुदायको सहमतिमा नजिकैको सामुदायिक विद्यालयमा गाभ्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै यसै दरबन्दी मिलानको कार्य थालनी गरिनेछ।
- विपन्न तथा अभिभावक बिहिन बालबालिकाहरुको शिक्षाको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- विद्यालयमा बहुआयामिक शिक्षण सिकाइ प्रणाली विकास गरी सबै शिक्षण संस्थामा लागू गर्न सहकार्य, सहयोग, सहजीकरण अनुगमन तथा समन्वय व्यवस्था सुदृढ गरिनेछ।
- सबै बिद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य एवं निःशुल्क पाउने बालबालिकाहरुको संवैधानिक हकलाई व्यवहारिक रुपमा नै निःशुल्क प्रदान गरिनेछ ।
- संघ तथा प्रदेश सरकार तथा साझेदारी निकायको सहकार्यमा सबै बिद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र I.C.T कार्यक्रम संचालनमा ल्याई विद्यालयहरुको शैक्षिक स्तरोन्नती गरिनेछ ।
- प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गरी शिक्षक तथा विद्यार्थीहरुको क्षमता अभिबृद्धि गर्न प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ ।
- प्रदेश सरकारको सहकार्यमा बिज्ञान र गणित बिषयको गुणस्तर सुधार कार्यलाई अगाडि बढाइनेछ ।
- नैतिक तथा नागरिक शिक्षा र जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- एक विद्यालय एक स्काउट कार्यक्रम संचालन गरिनेछ।

## स्वास्थ्य

- सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिम निस्शुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- घुम्ती स्वास्थ्य शिविर कार्यक्रम मार्फत् जेष्ठ नागरिक, अपांग, असहाय, दीर्घरोगीहरूलाई प्रत्येक चार महिनामा एक पटक घरमै गई निशुल्क स्वास्थ्य परिक्षण तथा जेष्ठ दिर्घरोगीहरुलाई निशुल्क औषधी वितरणको कार्य थालनी गरिनेछ। । वडा स्थित स्वास्थ्य संस्थाबाट प्रत्येक ४ महिनामा एक पटक बिशेषज्ञ चिकित्सक मार्फत स्वास्थ्य परिक्षण तथा सेवा प्रवाहका व्यवस्था मिलाईने छ ।

- पारिवारीक स्वास्थ्य प्रोफाईल निर्माण गरी वार्षिक रुपमा पारिवारीक स्वास्थ्य विवरण अद्यावधिक गरिनेछ।
- रगत उपलब्धताका लागि बिरामीहरुका लागि गाउँपालिका भित्रका नागरिकलाई राहत महसुस गराउनका लागि साझेदार संस्थाहरुसँगको सहकार्यमा कार्यक्रम अगाडी बढाइनेछ।
- विपन्न वर्गका गाउँबासीका लागि गाउँपालिकाद्वारा आर्थिक सहयोग र मुटु, मृगौला र क्यान्सरका बिरामीहरूका लागि नेपाल सरकारको कार्यक्रममार्फत् आर्थिक सहायताको लागि सहजीकरण तथा समन्वय गरिनेछ ।
- गाउँभित्र महामारी तथा आउन सक्ने रोगहरूको पहिचान, नियन्त्रण तथा उपचारका लागि स्वास्थकर्मी सहितको Rapid Response Team तयारी अवस्थामा राखी परिचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई यातायात खर्च, बिदाइ हुने महिला स्वयम् सेविकाहरूलाई प्रोत्साहनका लागि बजेटको व्यवस्था गरिनेछ ।
- **उपाध्यक्षसगँ सुत्केरी आमा कार्यक्रम** अन्तर्गत सुत्केरी महिलाहरुलाई पोषिलो खाना कार्यक्रमलाई अगाडी बढाइनेछ र गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालित एम्बुलेन्सहरूलाई व्यवस्थित गर्दै प्रति दुई वडामा एक एम्बुलेन्स सेवा विस्तारको लागि पहल गरिनेछ।
- बुलिङटार प्राथमिक स्वास्थ्य केन्द्रलाई १० शैयाको बुलिङटार अस्पतालको रूपमा बिकास गर्दै सेवा बिस्तार, गुणस्तर अभिवृद्धि गर्न जनशक्ति, उपकरण (एक्सरे लगायतका उपकरण) व्यवस्थापन र भौतिक पूर्वाधार (भवन) निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुसार प्रवर्द्धनात्मक, प्रतिकारात्मक सेवालाई प्रभावकारी रूपमा लागू गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्रका विपन्न, बोटे समुदायका व्यक्तीहरुलाई निस्शुल्क स्वास्थ्य बिमा गरिनेछ। साथै जेष्ठनागरीक, अपाङ्ग तथा अशक्तको निशुल्क स्वास्थ्य बिमा, बिमा अभिकर्ता नै खटाई सुनिश्चित गरिनेछ।
- मानसिक रोग सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- विपन्न वर्गलाई स्वास्थ्य विमा सेवाको पहुँचमा पुर्याउने तथा गाउँपालिकाको स्वास्थ्य केन्द्रमा लाग्ने औषधोपचार खर्च गाउँपालिकाले व्यहोर्ने र बाहिरी अस्पतालमा लाग्ने खर्च मिनाहा गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।
- सबै स्वास्थ्य संस्थाहरूका निरन्तर अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- नेपाल सरकारबाट निःशुल्क उपलब्ध गराइने औषधीको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

- घरमै सुत्केरी कार्य शून्य कार्यक्रम अर्नगत सबै स्थानमा रहेका बर्थिङ्ग सेन्टरको प्रभावकारी सेवा विस्तार गरी गर्भवती जाँच, सुत्केरी पोषण खर्च, सुत्केरी यातायात खर्च उपलब्ध गराइनेछ ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत् सुनौलो हजार दिनका आमाहरूको पोषण अवस्था सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरूमा वार्षिक रुपमा एक पटक एकिकृत स्वास्थ्य शिविर आयोजना गरिने छ ।
- क्षयरोग, कुष्ठरोग, एचआईभी एड्स तथा यौनरोग, मलेरिया, डेंगु, सिकलसेल एनिमिया, कालाजार जस्ता जनस्वास्थ्यिसँग सम्बन्धित रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य ठाउँ, कुपोषण रहित बुलिङटार गाउँ कार्यक्रम अर्न्तगत ५ वर्ष मुनिका बालबालिकाको पोषण व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- पोषण प्रोफाइल निर्माण तथा आगामी ५ वर्ष भीत्र पोषण मैत्री गाउँपालिका घोषणा गर्ने योजना अनुरुप कार्य अघि बढाइनेछ।
- गाउँभित्रका नीजि तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित निदान केन्द्र, औषधी पसल, स्वास्थ्य क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन गरी गुणस्तरिय र नियमित स्वास्थ सेवाको सुनिश्चितता गरिनेछ ।
- बालबिबाह न्यूनीकरण सम्बन्धि अभिमूखीकरण कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- जेष्ठ नागरिक, शारीरिक रुपले असक्षम व्यक्ति र बालबालिकाहरुको स्वास्थ्य सुविधामा सहज पहुँच र सेवा प्रवाहलाई थप प्रभावकारी बनाइने छ ।
- कुनै पनि प्रकारको यौनजन्य हिंसा वा सामाजिक बहिष्कारमा पारिएका किशोरीहरु एवम् बालश्रम, बेचबिखन, आदिबाट पिडित बालबालिका एवम महिलाहरुको लागि मनोसामाजिक परामर्शदाताको सहयोगमा व्यवसायिक शिक्षा दिई वा सीपको विकास गरी पुनस्स्थापना गरिने छ ।
- यस गाउँपालिकाको सामुदायिक स्वास्थ्य सुधार एवं सरसफाईका लागि विभिन्न सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण कार्यको योजना अघि बढाइने छ ।
- गाउँपालिका भित्रका सबै नागरिकहरुलाई मधुमेहको निस्शुल्क परिक्षणको व्यवस्था मिलाइने छ ।

## आयुर्वेद

- योग ध्यान र सकारात्मक सोच सम्बन्धी प्रशिक्षण मुलक कार्य गरिनेछ।
- बुलिङटार गाउँपालिकाभित्र पाइने जडीबुटीको अनुसन्धान, पहिचान गरी नीजि साझेदारी लगानी मार्फत जडीबुटी प्रशोधन केन्द्रको निर्माण गर्न पहल गरिनेछ ।

- प्रकृति र प्रविधिको समुचित प्रयोग गरी प्राकृतिक चिकित्सा पद्धतिलाई अबलम्बन गर्ने नीति लिइनेछ।

## कृषि तथा पशुपंक्षी विकास

- **"सुखी र आत्मनिर्भर बुलिङटार"** बनाउनको लागि कृषकले उत्पादन गरेको वस्तु स्थानिय बजारमा खपत गर्न पहल गरिनेछ।
- कृषिमा यान्त्रिकरण गर्दै निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषि गर्न प्रोत्साहन गरिनेछ । यसका लागि **सिचाई अघि, पछि कृषि** कार्यक्रम सञ्चालन गरिनेछ
- कृषकको उत्पादन, उपभोक्ता र व्यवसायीसमक्ष पुर्याउनका लागि गाउँपालिकाले उत्पादक, उपभोक्ता र व्यवसायीबीच समन्वयात्क कार्यक्रम संचालन गरिनेछ।
- बिमा प्रदायक कम्पनीसंगको सहकार्यमा कृषि तथा पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- **विपन्न वर्गसगँ अध्यक्ष कार्यक्रम** मार्फत विपन्न वर्गका किसानहरुलाई अनुदानको व्यवस्था मिलाइनेछ।
- **उप्पादनमा आधारीत अनुदान कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- तरकारी तथा फलफुल पकेट क्षेत्रमा उत्पादनको वजारीकरणको लागि कृषक कहाँबाट संकलन केन्द्रसम्म पुऱ्याउने उद्देश्यका साथ कृषि एम्बुलेन्स सञ्चालन गरिनेछ ।
- कृषि फर्म दर्तालाई सर्वसुलभ बनाउने र माटो सुहाउँदो नगदे बाली लगाउने साथै उच्च भुभागमा फलफुल खेति गर्ने कार्यक्रममा प्रोत्साहन गरिने छ।
- कृषि पकेट तथा जोन कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । कृषि उत्पादकत्व बृद्धि गर्न **एक गाउँ ,एक उत्पादन** सञ्चालन गरिनेछ । यसका लागि प्रदेश तथा संघ सरकारका कार्यक्रमसँग समन्वय गरिनेछ ।
- बुलिङटारमा कृषि उपज तथा संकलन केन्द्र, निर्माण तथा व्यवस्थापन गर्दै संयोजन कार्यलाई अगाडि बढाइनेछ ।
- बिउ, बिजन, कृषि यान्त्रिकरणमा दिदै आइएको अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिषादी न्यूनिकरण अभियान सञ्चालन गर्दै अर्गानिक तरकारी तथा खाद्यबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्यान्न बाली बीउमा आत्मनिर्भर गाउँ कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि बीउ बिजन उत्पादन प्रशोधन तथा भण्डारण गर्ने कृषक ,कृषि समूह तथा सहकारीलाई विशेष अनुदानको व्यवस्था गर्दै बजारको सुनिश्चितता गरिनेछ ।
- सुन्तला तथा कागतीखेतीको पकेट तथा जोन क्षेत्र घोषणा गरी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

- पोषण सुरक्षा र संवेदनशिलतालाई मध्यनजर गर्दै एक घर एक करेसाबारी नीति अबलम्बन गरिनेछ ।करेसाबासी निर्माणको लागि आवश्यक बिउ बिजन गाउँपालिकाले निशुल्क उपलब्ध गराइनेछ । यस क्षेत्रका स्थानीय जातका रैथाने बालिहरूको पकेट क्षेत्र स्थापना गरि खाद्य सुरक्षामा थप टेवा पुऱ्याउने तथा गरिबी निवारणको अस्त्रका रूपमा प्रयोग गर्ने नीति अपनाईने छ ।
- कृषि क्षेत्रमा प्रगतिको आधार, कृषि प्राविधिक गाउँमै जिम्मेवारू भन्ने नाराका साथ यस गाउँपालिका भित्र रहेका कृषि तथा पशु प्राविधिकहरूको प्रोफाईल तयार गरी कृषकहरूलाई नजिकको कृषि प्राविधिक संग जोड्ने नीति अबलम्बन गरि **"कृषकसगँ कृषि प्राविधिक"** कार्यक्रम संचालन गरिनेछ।
- प्रदेश तथा संघिय सरकार संगको सहकार्यमा प्राकृतिक प्रकोप तथा विभिन्न कारण हुने नोक्सानीको क्षतिपूर्तिको व्यवस्थापन गरिनेछ ।
- कृषि सहकारी मार्फत कृषक, कृषि समूह परिचालन गरिनेछ, किसानहरुलाई मल बिउ उपलब्ध गराउने तथा किसानको उत्पादन बजारको पहुँचसम्म पुर्याउन कृषि सहकारी मार्फत कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।
- कृषिमा सहुलियत पूर्ण व्याजदरको सुविधाका लागि बैंक तथा वित्तिय संस्थाहरू संग गाउँपालिकाको तर्फबाट सहकार्य तथा समन्वय गरिनेछ ।
- गाउँपालिकाले दुग्ध उत्पादनमा जोड दिदै सामुहिक गाई भैंसी पालनमा गाउँलेलाई आकर्षण गर्नका लागि व्यवसायिक पशुपालनका लागि भकारो सुधारका लागि साझेदारीमा कार्यक्रम अघि बढाइनेछ।
- अदुवा खेती तथा बेसारखेतीलाई प्रोत्साहनका लागि अदुवा प्रशोधन केन्द्र तथा प्रत्येक वडामा साना मसला उद्योग स्थापना स्थापनाको लागि पहल गरिनेछ ।
- पशु खोप कार्यक्रमलाई निरन्तरता दिदै पशुहरूमा लाग्ने विभिन्न किसिमका सरुवा रोगहरू नियन्त्रण तथा उन्मुलन कार्य नियमित सञ्चालन गरिनेछ ।
- बाख्रा पकेट क्षेत्र कार्यक्रमलाई पशुसेवा विज्ञ केन्द्र र अन्य संघ संस्थाको सहकार्यमा विस्तार गर्दै लगिनेछ ।
- घाँसमा आधारित पशुपालनमा जोड दिन उन्नत घाँसको बिउ बेर्ना वितरण गरिनेछ ।
- नश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवामार्फत् उन्नत नश्लका बाच्छी तथा पाडी उत्पादनमा बृद्धि गर्दै लगिनेछ ।
- गाउँपालिकाका विभिन्न क्षेत्र निर्धारण गरी एकीकृत निस्शुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी उत्पादन प्रवद्र्धनका लागि बुलिङटार कृषि तथा पशुपक्षी प्रवर्द्धन मेला आयोजना गरिनेछ ।
- कृषकहरूको व्यवसायिक वर्गीकरण (व्यवसायी र नमुना व्यवसायी) गरी अनुदान प्रदान गरिनेछ ।

- उत्कृष्ट कृषक, समुह तथा सहकारीलाई अनुभव तथा सिकाइ आदान—प्रदानको लागि कृषि भ्रमणको कार्यक्रम गरिनेछ ।
- कृषि तथा पशुपक्षी प्रचार प्रसार कार्यक्रम मार्फत् गाउँपालिका भित्रका कृषक, समूह, सहकारहरुलाई कृषि र पशुपक्षी सम्बन्धि चेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय प्रजातिका धान, मकै, कोदो, कोशेबाली फलफूल तथा अन्नबाली संरक्षणको लागि स्थानीय बिउ संरक्षण र  विकास गर्ने गरि बिउ बैंकको स्थापना गर्ने नीति लिईने छ ।
- कृषिलाई व्यावसायिकीकरण गर्न पकेट क्षेत्र कार्यक्रमू, हाईटेक नर्सरी, हाट बजार निर्माणूजस्ता कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिका भित्रका कृषकहरुलाई सूचीकरण गरी कृषक डाटा बैंक निर्माणको कार्य प्रारम्भ गरिने छ । यसमा खाद्यान्न बाली, तरकारी, फलफूल, पशुपन्छी, माछा आदि जस्ता कार्यक्रमहरुको तथ्यांकहरुलाई अद्यावधिक गर्ने कार्यक्रम सुचारु गरिने छ ।
- व्यावसायिक कृषकहरुलाई व्यवसाय सम्बन्धि ऋण कर्जाका लागि Soft Loan को व्यवस्था गर्न बैंक तथा वित्तीय संस्थाहरुसग आवश्यक पहल गरिने छ ।
- साना तथा घरेलु उद्योग स्थापनालाई जोड दीई उद्योग दर्ता सरलीकरण गरिनेछ
- बाँझो जमिनलाई उत्पादनमुखी गरौं फलफुल खेती, तरकारी खेती, कृषि उत्पादन गर्न प्रोत्साहन र पहल गरिनेछ ।
- माटो परिक्षण गरी बाली संरक्षणको निति अघि बढाइनेछ।
- वाली विशेष पकेट स्थापना गरि चैते धान, वर्षे धान , गहु र मकै उत्पादनको क्षेत्र विस्तार गरिने छ।

## सिचाँई

- **खेतबारीमा किसानलाई साहारा सिँचाईले हराभरा कार्यक्रम** अन्तर्गत गाउँपालिकाको कृषि उत्पादन क्षेत्रमा सिचाँई बाँध, सिचाँई नहर र सिँचाई कुलो  मर्मत तथा सञ्चालन गरिनेछ ।
- सिँचाई बाँध, नहर र बोरिङ्गको सम्भावना नभएको स्थानमा लिफ्टिङ सिँचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।
- बुलिङटार सिचाई योजना,  भलायटार सिचाई योजना जस्ता ठुला सिँचाई आयोजनाहरूको मर्मत तथा पुन निर्माणका लागि प्रदेश र संघीय सरकारसगँ समन्वय र सहकार्य अगाडि बढाइनेछ ।
- जमिनमा जलसतह कायम राख्न रिफिल ट्यांक र पोखरी निर्माणको कार्यक्रम अगाडी बढाइने छ ।
- खहरे खोलाहरुको पानी संकलन गरी हिउदमा समेत सिचाई सुविधा उपलब्ध गराउनको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।
- कालिगण्डकी लिफ्टिङ सिचाईको संभाव्यता अध्ययन गरी सिंचाईको निर्माण गरीने निति अवलम्बन गरिने छ।

## पर्यटन विकास तथा संस्कृति

- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि पर्यटकीय नक्सा वृत्तचित्र निर्माण तथा फोटो पुस्तक प्रकाशन गरिनेछ ।
- गाउँपालिकाको पहिचान झल्कने गरी **Eco Village In Rural Area Of Bulingtar**को अवधारणा अनुरुप त्यस क्षेत्रका नागरिकहरूलाई रोजगारी सिर्जना गरी आय आर्जन र जीवनस्तर उकास्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बुलिङटार गाउँपालिका अन्तर्गतको चुलिबोझा मगर होमस्टे सञ्चालनका लागि आवश्यक सहयोग गरिनेछ । साथै गाउँपालिकाको अन्य क्षेत्रमा धार्मिक तथा सांस्कृतिक पहिचान सहितको होमस्टे निर्माणका लागि आधारभूत तालिम सञ्चालन गरी दर्ता प्रक्रिया अगाडि बढाइनेछ ।
- गाउँपालिका भित्र बसन्तपुर सामुदायिक वन क्षेत्रमा पार्क निर्माण गरिनेछ । शान्ति पार्क लगायत अन्य ठाउँका पार्कहरुको पूर्वाधार निर्माण गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ ।
- गाउँपालिकाको पहाडी क्षेत्रमा पदमार्ग बिकासको काम अगाडी बढाइनेछ ।
- देवचुली डाँडा, वरचुली डाँडा, झेरी खण्डे दरवार, घुमारी क्षेत्र , जौबारीमा रहेको सेनकालिन दरवारको संरक्षण तथा पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्य अगाडि बढाइनेछ ।
- सुन झाँक्री गुफा संरक्षण तथा तिन कन्या माईको मन्दिर निर्माणकार्य अगाडि बढाइनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न गाउँपालिकाभित्र ठुला तथा मझौला लगानीका होटल, रिसोर्टहरू तथा व्यवसायहरू सञ्चालनको वातावरण तयार गरिनेछ ।
- कौरा नाच, झाम्रे, मारुनी नाच , बालन नाच तथा बिभिन्न जातजातिहरुको भेषभुषा, रहनसहन तथा संस्कृतिको संरक्षण गरिनेछ ।
- दाहसस्कार स्थल तथा घाटहरु उचित ब्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण कार्य अगाडि बढाउनेछ ।
- पर्यटन गुरुयोजना अनुसार गाउँपालिका भित्रका पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रहरुको पूर्वाधार विकासका कार्यहरु अगाडी बढाइने छ ।

## उद्योग तथा व्यवसाय विकास

- बुलिङटार गाउँपालिकाभित्र लगानीमैत्री व्यवसाय सञ्चालनको वातावरण तयार गरिनेछ ।
- स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्यम प्रवर्द्धन गरिनेछ ।
- परम्परागत प्रविधिलाई संरक्षण गर्दै आधुनिकीकरणमा जोड दिईने छ । परम्परागत सिप र प्रविधिलाई संरक्षण गर्न अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

- कृषि र जडीवुटी प्रशोधन उद्योग सञ्चालनको लागि गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।
- गाउँ भित्र उद्योग स्थापनाको लागि एकीकृत कानूनको निर्माण गरिनेछ ।
- बजार अनुगमनलाई नियमित गरिने छ ।
- औद्योगिक विकासको लागि उद्योग दर्तादिखि बहिर्गमनसम्म सरलीकरण गर्न स्थानीय औद्योगिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- Vocal to local को अवधारणालाई अगाडी बढाइनेछ।
- आत्मनिर्भर बुलिङटार कार्यक्रमहरु संचालन गरिनेछ।
- ज्ञानको साथसाथै सिप पनि सिकौं अभियान संचालनमा ल्याइनेछ।
- लघु उद्यम संचालनको लागि प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरी वजारीकरणमा समन्वय गर्ने ।
- उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।
- वन पैदावार तथा स्थानिय कच्चा सामाग्रिमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ ।
- गाउँपालिका स्तरीय उद्योग बाणिज्य संघको गठन गरि यस क्षेत्रलाई थप जिम्मेवार बनाईने छ ।
- स्थानीय वस्तुको प्रयोग गरौं र उत्पादनलाई प्रोत्साहन गराउ भन्ने अभियान संचालन गरि कृषि जन्य वस्तुको प्रसोधन उद्योग स्थापना गर्न कदम चालिने छ ।
- रोजगारी उपलब्ध गराउने स्थानीय उद्योगलाई कर छुट अनुदान तथा सहुलियतको लागि सहजीकरणको व्यवस्था गरिने छ ।

## श्रम तथा रोजगार

- वैदेशिक रोजगार सम्बन्धी परामर्शका निम्ति वैदेशिक रोजगार सहायता कक्षको स्थापना गरिने छ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ । 'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ ।
- कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन गरिनेछ ।

- Incubation Centre को स्थापना गरिनेछ।
- गाउँपालिकाभित्र रहेका बेराजेगारहरूको तथ्यांक संकलन तथा अभिलेखिकरण गरी श्रममा आधारित काममा परिचालन गरिनेछ ।
- श्रमिकहरूको सामाजिक सुरक्षा, सिप र दक्षताको उचित ज्याला निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका भित्रका रोजगारदाताहरूको विवरण तयार गरी आवश्यक श्रमिक संख्याको एकिन गरी रोजगारीको लागि सिप तालिम प्रदान गरी आवश्यकता अनुसार श्रमिकलाई रोजगारीमा संलग्न गराइनेछ ।

## सुशासन

- सबै प्रकारका व्यापार व्यवसायलाई दर्ता गराई करको दायरामा ल्याइने छ । बजार अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउन बजार अनुगमन निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गा, सम्पत्तिको अभिलेख अद्यावधिक गरी राखिने छ ।
- स्थानीय खरीद नियमावली तर्जुमा गरी खरीद प्रणालिलाई व्यवस्थित गरिनेछ।
- लेखा परीक्षणलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिने छ । आवश्यक कार्यहरु सम्पादन गरिने छ ।
- बुलिङटारको इतिहास संस्कृति र पहिचान झल्कने पुस्तक प्रकाशन गरिनेछ।
- राजश्वका सम्भावित क्षेत्रको पहिचान खोजी गरी राजश्वका दायरा बिस्तार गरी गाउँपालिकाको आन्तरिक स्रोत बढाउन पहल गरिने छ ।
- गाउँपालिका तथा वडा स्तरबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइने छ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारी नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीबाट पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिनेछ ।
- गाउँपालिकाबाट कार्य सम्पादन गर्दा पारदर्शी, जवाफदेही र सहभागिता मूलक प्रक्रिया अवलम्वन गर्न सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकिकरण, सामाजिक लेखापरीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सेवाग्राही प्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी नागरिकहरूबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने छ ।
- नागरिक बडापत्रमार्फत् सेवाग्राहीलाई जानकारी गराउने नीतिलाई व्यवहारिक बनाइनेछ ।
- गाउँपालिकाका गाउँस्तरमा घुम्ति सेवा संचालन गरी सेवा प्रदान गरिनेछ।
- ढुंगा गिट्टी वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम राजश्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गरिने छ।

- व्यक्तिगत घटना दर्तालाई सरल बनाई गरिव घर परिवार पहिचान र बेरोजगारी नागरिकको तथ्यांक संकलन गरिने छ
- सम्पूर्ण वडाहरुमा आगामी आर्थिक वर्ष देखि व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाईन मार्फत गरिनेछ।
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीू निर्माण गरी राष्ट्रसेवक कर्मचारीहरूलाई कार्य गर्न प्रोत्साहित गर्ने र गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिका लागि अभिमुखिकरण, तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- दरवन्दी अनुसार प्रत्येक कर्मचारीहरूको कार्य प्रगति विवरण तयार गरी मूल्यांकन गर्ने परिपाटी तयार गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयको कामकाजहरुलाई नागरिकस्तरमा छिटोछरितो रुपमा पुर्याउनको लागि सूचना प्रविधि मैत्री कामकाजको नीति अवलम्बन गरिनेछ।
- लेखा परिक्षण प्रणालीलाई व्यवस्थित बनाई बेरुजु फछ्र्यौटलाई तदारुकता साथ अगाडी बढाईने छ ।

## गरिवी निवारण

- गाउँपालिकाभित्र बसोबास गर्ने गरिव तथा विपन्न परिवारको तथ्यांक संकलन गरी आयआर्जनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत उद्यम बिकास तालिमहरू सञ्चालन गरिनेछ ।
- स्थानीय सामुदायिक वनहरूले गरिवी निवारणमा विनियोजन गर्ने रकमलाई उद्यम र रोजगारसँग जोड्ने कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
- महिलाहरुलाई समूहमा आवद्ध गरी कुसन तथा बास, लगायतबाट निर्माण हुने हस्तकलाका सामाग्री उत्पादन गरी बजारीकरणमा जोडिने छ ।

## सहकारी क्षेत्र

- सहकारी क्षेत्रलाई अझ सवल र सक्षम बनाई सहकारी मार्फत गरीवी निवारण लक्ष्यका साथ सहकारी संस्था मार्फत उत्पादन र उत्पादित बस्तुको बजारीकरण गरिनेछ ।
- एक वडा एक सहकारी कार्यक्रम अन्तर्गत हरेक कृषि कार्यक्रमहरु कृषि सम्बन्धी तालिम तथा बिउविजन वितरण जस्ता  कार्यहरु सहकारी मार्फत गरिने छ।

- बुलिङटार गाउँपालिकामा दर्ता भएका \ कार्यक्षेत्र भएका सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ । निस्क्रीय एवं नियम विपरित सञ्चालनमा रहेको सहकारीलाई खारेजीको प्रकृयामा अघि बढाइनेछ।
- सहकारी, दातृ संस्थाहरुको स्रोत साधनमा गाउँपालिकाबाट साझेदारी गरी विकास निर्माणको कार्यमा जोड दिइने छ ।
- सहकारी सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ ।
- सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- सहकारीका संचालक तथा व्यवस्थापकका लागि आवश्यक तालिम तथा अन्तरक्रियात्मक कार्यक्रम गरिनेछ।
- बुलिङटार गाउँपालिकास्तरमा कार्यक्षेत्र भएका कृषि सहकारी संस्थामार्फत कृषक, कृषि समूहलाई परिचालन गरी किसानहरुलाइ मल बिउ उपलब्ध गराउन तथा किसानको उत्पादन बजारको पहुँच पुर्याउन कृषि सहकारीलाई अनुदानको व्यवस्था गरिनेछ।

## महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक

- गाउँपालिकाभित्र विद्यमान बालबिवाह अन्त्यको लागि सेचतना तथा कानुनी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिकाको नेतृत्व बिकासका लागि नमुना बाल संसदको अभ्यास गरिनेछ ।
- अग्रजको ज्ञान अनुजमा हस्तान्तरण कार्यक्रम मार्फत् जेष्ठ नागरिक र बालबालिका बीच अन्तर संवाद र सिकाइ आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरूलाई सुरक्षित र मर्यादित महिनावारी, सकारात्मक सोच, आत्मरक्षा जस्ता विषयका तालिम तथा कार्यक्रमहरूमा सहभागी बनाई किशोरी हिंसामुक्त गाउँपालिका बनाइनेछ ।
- लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गरिनेछ ।
- ज्येष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गरिनेछ ।
- महिलाहरुको क्षमता विकास गरी महिला अधिकार संरक्षण र महिला हिंसा न्युनिकरणका लागि कार्यक्रम गरिनेछ ।
- सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न दलित तथा पिछडिएका समुदायका लागि सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई निस्शुल्क स्वास्थ्य परिक्षण, निस्शुल्क स्वास्थ्य शिविर एवं जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु संचालन गरिने छ ।
- एकल महिला, वैदेशिक रोजगारीबाट फिर्ता भएका, आर्थिक रुपमा कमजोर आदि महिला लक्षित रोजगार कार्यक्रम जस्तै सफा झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, ऊनी स्विटर टोपी बनाउने,

स्क्रिन प्रिन्टिङ, ब्युटीसियन तालिम, सेनिटरी प्याड बनाउने जस्ता स्वस्आयआर्जनका कार्यक्रम संचालन गरि उत्पादित सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध मिलाउने छ ।

- बहुबिबाह, बालबिबाहको समुल अन्त्य गरिने कार्यक्रम ल्याइने छ ।
- स्थानीय सरकार, एकल महिलाको साथू भन्ने नाराको कार्यान्वयन गरि एकल महिलाको संरक्षण साथै सिप विकास एवं स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- बालमैत्री अवधआरणा अवलम्बन गरी बुलिङटार गाउँपालिकालाई २०८३ भित्रमा बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

## युवा तथा खेलकुद

- युवा मैत्री कार्यक्रम तर्जुमा, युवाका सवाल र सरोकारका विषयहरुमा वहस अन्तरक्रिया र पैरवीका लागि अनुकूल वातावरण सिर्जना गरिनेछ ।
- युवाको क्षमता विकासका विभिन्न कार्यक्रमहरु ल्याई स्थानीय तह भित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया कार्यान्वयन र अनुगमन कार्यमा युवालाई संलग्न, साझेदार र विज्ञ सल्लाहकारको रुपमा सहभागी गराईनेछ ।
- बुलिङटार गाउँपालिका स्तरिय युवा परिषद् गठन गरी युवा लक्षित कार्यक्रम संचालनको नीति लिइनेछ।
- हरेक दुई वडामा कम्तिमा एक खेलमैदानको पहिचान गरी त्यसको विकास गरिनेछ र एउटा गाउँपालिका स्तरीय प्यारापिट सहितको खेलमैदानर रंगशाला निर्माण गरी पालिका स्तरिय प्रतियोगिता सञ्चालन गरिनेछ।
- प्रत्येक वडा भित्रको क्लबहरुको पहिचान गरी त्यसलाई चाहिने भौतिक संरचना, श्रोत र साधनको प्रबन्ध गरी क्लबहरु बीच समन्वय गरिनेछ।
- गाउँभित्रका बैदेशिक रोजगारमा रहेका, विभिन्न पेशा तथा व्यवसायमा संलग्न, बेरोजगार युवाहरूको तथ्यांक अभिलेखीकरण गर्दै युवा सूचना केन्द्र स्थापनामार्फत् युवा लक्षित कार्यक्रम सञ्चालनको अवधारणालाई अगाडि बढाइनेछ
- गाउँ युवा स्वयम् सेवक कार्यक्रम सञ्चालन गरी गाउँपालिकाका युवाहरूलाई गाउँ स्वयम् सेवकमा सूचीकृत हुन आह्वान गरिनेछ । यसरी सूचीकृत भएका युवाहरूलाई विपद् उद्धार तथा व्यवस्थापन लगायतका कार्यमा सहभागी गराइनेछ ।
- राष्ट्रपति रनिङ सिल्ड अन्तर्गत अन्तर विद्यालय, अन्तर क्लव फुटवल, भलिवल, क्रिकेट लगायतका खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष कप खेलकुदमार्फत् महिला र पुरुष उमेर समुहमा आधारित खेलकुद सञ्चालन गरी गाउँपालिका भित्र राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा जोड दिइनेछ ।
- विद्यालयहरुमा प्रत्येक साताको शुक्रबार अतिरित क्रियाकलापमा खेलकुदलाई अनिवार्य गरिने छ ।

- पर्यटक आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदलाई प्रवद्धन गरिनेछ ।
- औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुमा व्यवसायिक तालिम संचालन गरिनेछ ।

## पूर्वाधार विकास

- प्रत्येक वडामा कम्तिमा एक प्रतिक्षालय र एक सार्वजनिक शौचालय निर्माणको निति लिइनेछ।
- गाउँपालिकाभित्रका मुख्य सडकहरु जीर्ण वा खाडल भए तत्काल मर्मत गरिने छ ।
- गाउँपालिकामा डि.पि.आर तयार भएका योजनाहरूको स्रोत व्यवस्थापन तथा सुनिश्चितताको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै डि.पि.आर. हुन बाँकी योजनाहरूको गाउँपालिका मार्फत डि.पि.आर. तयार गरी स्रोत सुनिश्चिततातर्फ लगिनेछ ।
- बुलिङटारमा बसपार्क निर्माण कार्यको थालनी गरिनेछ । कालीगण्डकी कोरिडोर क्षेत्रमा ठुला तथा साना सवारीलाई व्यवस्थित पार्किङ्गको व्यवस्थापन गरिने छ ।
- वडा केन्द्रदेखि गाँउपालिका केन्द्रसम्म जोड्ने सडकको स्तर वृद्धि गरिनेछ ।
- विनास विनाको विकासको निति अपनाउदै पूर्वाधार निर्माणमा जोड दिइनेछ।
- नयाँ ट्र्याक खोल्ने कार्य न्यूनीकरण गरी पुराना सडकको स्तरोन्नती गर्न जोड दिइनेछ ।
- सार्वजनिक यातायात सेवालाई व्यवस्थित, सुरक्षित, भरपर्दो बनाइने छ ।
- प्रत्येक वडा कार्यालयबाट गाउँपालिका जोड्ने एक सडक बाह्रै महिना सञ्चालन हुने गरी व्यवस्था गरिने छ ।
- मुख्य-मुख्य चोकहरुमा सडक बत्ती लगायत घुम्ती सडकमा mirror को व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तर्गतको जग्गालाई कृषियोग्य, जंगल, लगायतका क्षेत्रहरु वर्गीकरण गरी बस्ती विकास व्यवस्थापनमा केन्द्रित रहने छ ।
- झोलुंगे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- एक वडा एक स्तरीय सडक निर्माणको निति लिइ कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- सहकारी, दातृ संस्थाहरुको स्रोत साधनमा गाउँपालिकाबाट साझेदारी गरी विकास निर्माणको कार्यमा जोड दिइने छ ।
- सडक सम्बन्धी मापदण्ड तथा घरनक्सा पास सम्बन्धी कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।

## भूमि ,भवन निर्माण तथा आवास व्यवस्थापन

- व्यवस्थित् सर्वसुलभ, दिगो र सुन्दर गाउँको विकास गर्दै बस्न योग्य र हेर्न लायक समृद्ध बुलिङटार बनाउने लक्ष्यलाई पुरा गर्न भू–उपभोग योजनामा आधारित व्यवस्थित एवम् योजनाबद्ध गाउँपालिका विकास कार्यक्रम गर्ने नीति लिइनेछ ।
- बुलिङटार गाउँपालिकाको प्रशासनिक कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ती तथा स्रोत सुनिश्चिता गर्दै तिन वर्ष भित्रमा निर्माण सम्पन्न गरिनेछ ।
- बुलिङटार सभाहल निर्माण कार्यको लागि स्रोत सुनिश्चितता गरी निर्माण गरिनेछ।
- गाउँपालिका भू–उपयोग परिषद् गठन गरी जग्गाको वर्गिकरण गरिने छ । स्थानीय भू–उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गरिनेछ ।
- राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।

## सूचना, प्रविधि तथा सञ्चार

- गाउँपालिकाको वेवसाइटलाई आध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरूलाई वेवसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सवै प्रकारका सेवा सुविधाहरूलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूलाई डिजिटलाइजेशन गर्ने गरी एकिकृत तथा अन्तर–आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकासमा जोड दिने Server Management Infrastructure निर्माण गरिनेछ ।
- गाउँपालिका प्रवेश नाकाहरू तथा मुख्य बोझापोखरी, तरङखोला, खजुरी, घुमारी र कुटिया क्षेत्रमा डिजिटल बोड तथा होर्डिङ बोर्ड राखिनेछ ।
- सामाजिक संजाल र इन्टरनेट कानूनका बारेमा नहुँदा समाजमा बढिरहेको विकृति विसंगतिलाई न्युन गर्नका लागि साइबर सुरक्षा सम्बन्धी सरोकारवाला अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- वडा कार्यालयलाई प्रविधिमैत्री बनाउनको लागि सबै वडा कार्यालयहरू, स्वास्थ्य कार्यालयहरूमा विद्युतीय हाजिरी जडान गरी क्यातधबचभ को माध्यमबाट गाउँपालिकाबाटै अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सूचना, सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवं पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको जानकारीलाई प्रविधिमैत्री सहित डिजिटल डिस्प्ले वोर्ड जडान गरिनेछ ।
- गाउँ वस्तुगत विवरण संकलन गरी डिजिटल गाउँ प्रोफाइल तयार गरिनेछ।
- मोवाईल, टेलिफोन र इन्टरनेट नेटवर्कमा सुधार गर्न सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।

- सूचना माग्ने र पाउने आम नागरिकहरूको नैसर्गिक अधिकार भएकाले सोको प्रत्याभूतिगर्न गाउँपालिकाले आफ्ना गतिविधिहरूलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रूपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने गरी, Website का साथै सामाजिक सञ्चालहरूमार्फत् सूचनाको प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँसभाहरूको स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण, कार्यपालिका बैठकको निर्णय प्रवक्ता मार्फत् सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।
- सबै भेगमा मोवाइल डाटाको गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।
- सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- गाउँपालिका कार्यालय, सम्पूर्ण वडा कार्यालय, सामुदायिक श्रोत पुस्तकालय, बजार क्षेत्र तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाई जोन  निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

## उर्जा तथा विद्युतीकरण

- गाउँपालिकाभित्र राष्ट्रिय प्रशारण लाइन नपुगेका स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युतीकरणको कार्यलाई तिव्रता प्रदान गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- गाउँपालिका भित्रका खोला तथा नदी क्षेत्रमा  जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी जलविद्युत उत्पादनका लागि पहल गरिनेछ ।
- उज्यालो गाउँ अभियान अन्तर्गत सबै वडामा बिद्युतीकरणका लागि पहल गरिनेछ ।
- पालिकाका सवै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ है महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुनेछ ।
- विद्युत तथा वैकल्पिक उर्जालाई गाउँपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्दै लगिनेछ ।
- नवीकरणीय उर्जाको प्रयोग मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गरिनेछ । विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।
- सडक बत्तीको लागि पहल गरिनेछ।

## प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापन

- विपद् व्यवस्थापन कोष स्थापना गरी संचालनमा ल्याइनेछ।
- प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद् जोखिमको नक्साङ्कन तथा विपद् प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकुलन नीति तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

- विपद्को अवस्थामा तत्काल उद्धार लागि च्बउष्म च्भकउयलकभ त्भबm निर्माण गरी आवश्यक सामाग्रीहरू सहित विपद् व्यवस्थापन तालिम प्रदान गरिनेछ । युवा स्वयम् सेवकलाई विपद् उद्धार कार्यमा परिचालन गरिनेछ ।
- विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी, युवा स्वयम् सेवक लगायतसँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाइनेछ ।
- जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- वन क्षेत्रलाई अनियन्त्रित डढेलो, चरिचरन, अतिक्रमण र चोरी निकासीबाट प्रभावकारी ढङ्गले संरक्षण गर्न उपभोक्ताहरुलाई परिचालन गर्ने निति लिइनेछ।
- गापामा विपद् सम्वन्धी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- खाली रहेका बिद्यालयहरुको भवन, सामुदायिक भवन तथा खुला क्षेत्र आदिलाई विपदको समयमा आश्रय स्थलको रुपमा प्रयोग गर्नको लागि अभिलेखिकरण गरिनेछ ।

## वन, वातावरण तथा भू—संरक्षण

- स्थानीय वन ऐन निर्माण गरी वन संरक्षण, सम्वद्र्धन र सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनका लागि वन सम्बन्धी नीति तथा कार्यनीतिहरुलाई उद्यममैत्री बनाइनेछ ।
- भू-उपभोग योजना बनाई कार्यान्वयनमा जोड दिइने छ । भू-उपभोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ बमोजिम जग्गाको वर्गीकरण गरी सार्वजनिक प्रकृतिका जग्गाको संरक्षण कार्यलाई अगाडि बढाई जमिनको खण्डीकरण र अव्यवस्थित बस्तीहरुलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
- पालिका भित्रका वन समुहहरु मार्फत वातावरणीय जनचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालनमा ल्याइनेछ ।
- वडा भित्रका मुख्य-मुख्य टोलहरुमा एम्बुलेन्स, प्रहरी सम्पर्क नं का बोर्डहरु राखिनेछ ।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु सँग समन्वय गरी पर्यावरणीय संरक्षणका अभियानहरु संचालन गरिनेछ ।
- वातावरण संरक्षणका लागि सांस्कृतिक महत्वका वर, पिपल रोपण कार्यलाई प्रोत्साहित गरिनेछ ।
- वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरूको साझेदारीमा नर्सरीहरूको स्थापना र विस्तार गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित ठुला आयोजनाहरूको निर्माणमा वातावरणीय प्रभाव मुल्यांकन र Bio Engineering को प्रविधि अनिवार्य अवलम्बन गरिनेछ ।

- हरित गाउँ पवद्र्धन गरी वातावरणीय प्रदुषण न्यूनीकरण गर्न सडकको दायाँवायाँ वृक्षरोपण गरी प्राकृतिक वातावरण प्रदुषण न्युनिकरण र सौन्दर्यकरणमा जोड दिइनेछ।
- नविकरणीय उर्जा (बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) जस्ता कार्यक्रम प्रवद्र्धन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी संरक्षण र वृक्षारोपण गरिनेछ ।
- सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रूपमा आयआर्जन हुन सक्ने जडीवुटी, काठ, दाउरा, घाँसका लागि वहुमुल्य बोट विरुवाहरूको वृक्षारोपण गर्न प्रेरित गरिनेछ ।

## खानेपानी , सरसफाई तथा फोहोरमैला ब्यवस्थापन

- खानेपानी पहुँच नभएका स्थानमा खानेपानी आयोजना स्थापना गर्दै सबै गाउँपालिकाबासीलाई शुद्ध पिउने पानीको सेवाका लागि **एक घर एक धारा** नीति अवलम्वन गरिनेछ ।
- वातावाण संरक्षणका निमित्त सार्वजनिक स्थलहरुमा सफाइ अभियान चलाइनेछ ।
- खानेपानीको मुल संरक्षणको लागि वृक्षारोण गरिनेछ ।
- निर्माणाधीन खानेपानी आयोजनाहरुमा देखिएको समस्या हल गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गरिनेछ ।
- एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना तयार पारी लागु गरिनेछ । फोहोर व्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ।

## सार्वजनिक नीजि साझेदारी तथा गैरसरकारी सस्था

- गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकासंग समन्वय गरी गाउँपालिकाले तोकेको क्षेत्रमा गर्नुपर्नेछ साथै कार्यक्रमको वार्षिक प्रगति विवरण गाउँपालिकामा पेस गर्नुपर्नेछ । यसरी पेस भएको कार्यक्रम गाउँपालिकाको वुलेटिनमा प्रकाशन गरिनेछ ।
- जनचेतना, तालिम, अभिमुखिकरण, सशक्तिकरण जस्ता कार्यक्रमहरूमा गाउँपालिकामा सूचिकृत सामाजिक तथा गैरसरकारी संघसंस्थासँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- गाउँ क्षेत्रमा कार्यगर्ने संघसंस्थाहरूले पेश गरेको प्रतिवेदन र प्राप्त उपलब्धीको आधारमा महत्वपूर्ण योगदान पुर्याउने संघसंस्थाहरूलाई सम्मान गरिनेछ ।

## मेलमिलाप तथा न्यायिक समिति

- स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र थप प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिसग अन्तरपालिका जिल्ला अदालत अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्थानीय तहमा आउने विवाद र मानव अधिकारको विषयमा न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुलाई क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## शान्ति सुरक्षा

- गाउँपालिकामा गाउँ प्रहरीको व्यवस्थापन गरी परिचालन गरिनेछ ।
- स्थानीय मेला जात्राको व्यवस्थापन र सुरक्षा गरिने छ
- नेपाल प्रहरी शसस्त्र प्रहरी र नेपाली सेनासँग आवश्यक सुरक्षा समन्वय गरीनेछ।

## भाषा, धर्म तथा संस्कृति

- संविधान प्रदत्त भाषा, धर्म तथा संस्कृतिको संरक्षण र संवद्धर्न गर्ने निति लिइनेछ।
- स्थानीय मगर संस्कृतिलाई जीवन्त राख्न परम्परागत गित नाच र बाजाको संरक्षण गरिने कार्यक्रम ल्याइने छ । साथै बुलिङटारमा मगर सांस्कृतिक भवन तथा संग्राहलयको निर्माण गरिनेछ।
- मगर समुदायको कौरा, झ्याउरे, ब्राह्मण क्षत्रीको वालन, भजन, चुड्का, पञ्चेबाजा तथा विविध परम्परागत गित नाँचको प्रवर्धन गर्न  सांस्कृतिक महोत्सव गर्ने कार्यक्रम ल्याईने छ ।

## सामाजिक सुरक्षा तथा संरक्षण

- छुवाछुत मुक्त घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सर्वपक्षियर सर्वदलीय बृहद सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्रका परम्परागत सीपहरुलाई बैज्ञानिक ढंगबाट व्यावसायिकिकरण गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकाका हरेक नागरिक हरुलाई राष्ट्रिय परिचय पत्रको पहुँचमा पुर्याइने छ ।

सभा सदस्य ज्यूहरु,

अव म माथि उल्लेखित आ व २०८०।०८१ क्षेत्रगत नीति तथा कार्यक्रम कार्यन्वयनका लागि विनियोजन र स्रोत व्ययको अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु।

२०८०।०८१ को अनुमानित आय व्यय विवरण

आगामी आ व २०८०।०८१का लागि अनुमान गरिएको खर्च स्रोत व्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकारको  वित्तिय समानीकरण अनुदानबाट रु ९ करोड ४० लाख ३७ हजार; संघ र प्रदेशको राजश्व बाँडफाँडबाट ८ करोड ८५ लाख ५० हजार ४ सय; सशर्त चालु र पूँजीगत गरी २२ करोड ११ लाख; संघीय तथा प्रदेश सरकारको विशेष अनुदानबाट प्राप्त रु १ करोड ६० लाख ; प्रदेश समपुरक रु ५० लाख

र आन्तरीक आय र आन्तरीक मौज्दात रु १ करोड ४० लाख गरी जम्मा रु ४३ करोड ८६ लाख ८७ हजार ४ सय अनुमान गरेको छु।

व्ययवतर्फ

आगामि आ व २०८०।०८१ को नीति कार्यक्रम कार्यान्वयन गर्न रु ४३ करोड ८६ लाख ८७ हजार ४ सय विनियोजन अनुमान गरेको छु। कुल विनियोजन मध्ये गाउँपालिका चालु तर्फ ९ करोड ७७ लाख ८०हजार र पूँजीगत तर्फ ११ करोड ९८ लाख ७ हजार ४ सय र सशर्त चालु तर्फ २० करोड २१ लाख तथा सशर्त पूँजीगत तर्फ रु १ करोड ९० लाख विनयोजन अनुमान गरेको छु।